# नेपाल सरकार
# जनसंख्या तथा वातावरण मन्त्रालय
सिंहदरबार,काठमाण्डौ ।

**वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सुझाव समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster) को लागी दरखास्त आह्वान सम्बन्धी सूचनाको म्याद थपिएको सम्बन्धमा**

वातावरण संरक्षण ऐन, २०५३ को दफा ६(४) मा व्यवस्था भए बमोजिम वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने सुझाव समितिमा वातावरण विज्ञको रुपमा काम गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित प्रावधानहरुको अधीनमा रही दरखास्त पेश गर्न कान्तिपुर राष्ट्रिय दैनिकमा मिति २०७३।०३।२० मा १५ दिने सूचना प्रकाशित गरिएकोमा दरखास्त पेश गर्ने समय २०७३ असोज मसान्तसम्म पुन: थप गरिएकोले रितपूर्वक निम्न ठेगानामा दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ । यस सम्बन्धी जानकारी यस मन्त्रालयको सूचना पाटी र website मा राखिएको व्यहोरा समेत अनुरोध छ ।

**आवश्यक कागजात :**

(क) निवेदन
(ख) वैयक्तिक विवरण
(ग) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी
(घ) कार्य अनुभव सम्बन्धी प्रमाण
(ङ) वातावरणीय मूल्यांकन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रमाण

(१) **शैक्षिक योग्यता** :

इन्जिनियरिङ्ग (सिभिल, मेकानिकल, केमिकल, इलेक्ट्रिकल, आर्किटेक्ट, हाइड्रोपावर, कृषि, भूगर्भ, माईनिङ्ग, औद्योगिक, वातावरण), स्वास्थ्य, जनस्वास्थ्य विज्ञान, चिकित्सा शास्त्र, अस्पताल व्यवस्थापन, वन विज्ञान, वन्यजन्तु विज्ञान, वातावरण विज्ञान, कृषि विज्ञान, भौतिक विज्ञान, रसायन विज्ञान, वनस्पति विज्ञान, प्राणी विज्ञान, भूगर्भ शास्त्र, जलस्रोत व्यवस्थापन, जलाधार व्यवस्थापन, वातावरण व्यवस्थापन, मानवशास्त्र, ग्रामीण विकास, समाजशास्त्र, अर्थशास्त्र, पुरातत्व शास्त्र, दीगो विकास, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण-अर्थशास्त्र विषयमा नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

(२) **कार्य अनुभव** :

तल उल्लेखित मध्ये बुँदा (क) वा (ख) वा (ग) अनुसारको कार्य अनुभव भएको विवरण ।

(क) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई प्रारम्भिक वातावरणीय परीक्षण/ वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी वातावरणीय अध्ययन कार्यमा टोली नेता वा टोली सदस्य भई संलग्न रही अध्ययन प्रतिवेदन स्वीकृतिको लागि सम्बन्धित प्रस्तावक मार्फत सम्बन्धित निकायमा पेश गरेको ।

(ख) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ, संस्थामा कम्तिमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा २ वर्ष प्रारम्भिक वातावरणीय परीक्षण/ वातावरणीय प्रभाव मूल्यांकन पुनरावलोकन वा स्वीकृति प्रक्रिया वा शोध कार्यमा संलग्न भई कार्य गरेको ।

(ग) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरे पछि कम्तिमा २ वर्ष विषयगत क्षेत्रमा काम गरेको अनुभव भएको र प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सुझाव समितिमा विज्ञको रुपमा रही प्रतिवेदन पुनरावलोकन गरेको ।

(३) **दरखास्त बुझाउने ठेगाना** : जनसंख्या तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं, सम्पर्क नं. ०१-४२११६३८

जनसंख्या तथा वातावरण मन्त्रालय

जनसंख्या तथा वातावरण मन्त्रालय